स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अहिले सर्वाधिक चर्चामा रहेको गायक दुर्गेश थापाको गीत "दुश्मन हेरेको हेर्‍यै"मा एउटा लाइन छ, "आजभोलि दुर्गेशको गीत फिल्मतिर बिक्छ ।" गीतमा भनेझैं दुर्गेशका एकपछि अर्को फिल्ममा बिकिरहेका छन् । "ह्रस्व दीर्घ" र "रंगी"पछि उनको गीत फिल्म "कर्मा"मा पनि बिकेको छ। उनले फिल्मका लागि गाएको गीत आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरियो।

आजको विचार...



नेपालमा.... (दुई पेजमा)

रामबहादुर केसी

यही चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म "पिताम्बर"को दोस्रो गीत "लास्ट च्वाँक छे यार" सार्वजनिक गरिएको छ। यसमा बाबुल गिरीको स्वर तथा संगीत छ भने कृषा चौलागाईंको शब्द रचना छ। कृषा फिल्मकी निर्देशक समेत हुन्। कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र सुरक्षा पन्त चित्रित छन्। सुरक्षाप्रति सौगातको प्रेमभावलाई गीतमा प्रस्तुत गरिएको छ।



❒ वर्ष ३० ❒ अंक २५३ ❒ २०८१ चैत २६ गते मंगलबार 8 April 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# वनै खायो डढेलोले... !

***डढेलो लागेका वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी बनेका छन् । डढेलोले वयस्क र पुराना रुख पनि मारेको छ । चैत लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड बनेको छ । डढेलोले रुख, बिरुवा सखाप हुनुको साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा छन् ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २५/**जिल्लाका अधिकांस जङ्गल डढेलोले खाएको छ । लामो समयसम्म पानी नपरेर खरेडी परेकाले यहाँ दिनदिनै डढेलोले सखाप पारेको हो । हालसम्म यहाँका ३६ वटा जङ्गलमा लागेको डढेलोले ७ सय ११ हेक्टर क्षेत्रफल सखाप पारेको छ ।

केही दिन यता जिल्लाका तिनाउ गाउँपालिका-३, झुम्साको खुलखुले सामुदायिक वन, झुम्साकै बसन्तपुर नजिक ओढारखोला, सरागखोला, कचलको काम्लेटटरी, मसिना, सिद्धचुहार, तरुले सामुदायिक वन, झिँगामारा, रिङ्सिंङ् वन, तिनाउ गाउँपालिका-२, को सुकेताल र खुर्सानेे नजिकैको जङ्गल, रम्भा गाउँपालिका अन्तर्गत पर्ने रिमिघाडाँडा जङ्गल, रिब्दीकोट गाउँपालिकाको पालुङ सामुदायिक वन लगायतका जङ्गलमा डढेलो लागि रहेको छ । यस्तै निस्दीको ज्यामिरेस्थित अरुणखोलास्थित जङ्गल, ज्यामिरेको वेभोके, बतासा, मठेखर्क, क्षेत्रीखर्क, माथागढीको रहवास, हात्तीलुङ लगायतका स्थानमा पनि डढेलो लागेको छ ।



*पाल्पाको रिब्दीकोट गाउँपालिका- १ र २ को सिमानामा पर्ने संसारकोट जङ्गलमा लागेको डढेलो निभाउँदै नेपाली सेनासहित नेपाल प्रहरी, सशस्त्र प्रहरी ।*

डढेलो लागेका वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी बनेका छन् । डढेलोले वयस्क र पुराना रुख पनि मारेको छ । चैत लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड बनेको छ । डढेलोले रुख, बिरुवा सखाप हुनुको साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा छन् । यसपालि हिउँदे वर्षा नभएको हुँदा डढेलो झन् फैलिएको स्थानीय बताउँछन् । हिउँदे वर्षाले रुख, बिरुवाले झारेका पातपतिङ्गर भिजाउँदा आगो ढिलो फैलने विगत अनुभव सम्झँदै वन क्षेत्र नजिकका बासिन्दा यसपालि हिउँदे वर्षा नहुँदा चैत मध्यभित्रै डढेलोले विकराल रूप लिएको बताउँछन् ।

अधिकांस डढेलो लागेको जङ्गल नजिकै वस्ती रहेका छन् । ति वस्तीमा हावाहुरीले कुनै पनि समय डढेलो बस्तीमा छिर्ने डरले स्थानीय रातभर सुत्न सकेका छैन । हरेक वर्ष लाग्ने आगोका कारण रातभर निदाउनै नसकिने रिब्दीकोटकी भिमा कार्की बताउन्छिन् । 'अघिल्लो वर्ष नजिकैको जंगलमा लागेको आगो बस्तीमा पसेको थियो, आगोबाट बल्ल बल्ल बस्ती जोगाउन सफल भए पनि पटक-पटकको डढेलोले रातमा निन्द्रा नै लाग्दैन्' उनले भनिन् ।

अहिले पनि यहाँ आगो लागेको थियो । 'पहिले छिमेकीको घर जलेको थियो कतै आफ्नो जल्ने त होइन भन्ने पिरले अहिले पनि सताउँछ' कार्की भन्छिन् 'के गर्नु विपत्तिको अगाडि कसैको केही लाग्दो रहेन छ ।' घरमा एक्लै बस्दै आएकी कार्की डढेलोका कारण निकै पिरोलिएकी छन् । दिनहुँ जस्तो भगवानलाई सम्झिदै बस्नु परेको उनी बताउन्छिन् ।

यहाँका स्थानीयले बस्ती जोगाउन सफल भए पनि जङ्गल, केही घर,गोठ र मानवीय क्षति भने भएको छ । हालसम्म जङ्गलमा लागेको डढेलो निभाउने क्रममा एक जनाको मृत्यु भएको र १६ वटा घर, गोठ जलेको डिभिजन वन पाल्पाका प्रमुख नारायणदेव भट्टराईले बताए । सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणमा लिन प्रयास गरे पनि आगो पूर्णरुपमा ननिभ्दा हावाहुरीले पुन: सल्किने समस्या रहेको उनले बताए ।

डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले मातहतका कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घ, सामुदायिक वन, स्थानीयबासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय निकायले दैनिक जसो नियन्त्रणको प्रयास गरे पनि सफल हुन सकेको छैनन् । सुख्खा मौसम तीब्र गतिमा चलेको हावाहुरी, चुरे तथा महाभारत क्षेत्रको भू-बनोटले गर्दा डढेलो नियन्त्रण बाहिर गएको डिभिजन वन कार्यालयले जनाएको छ । पाल्पाका १० स्थानीय तहका ८१ वडामध्ये ३९ वटा वडा वन डढेलोको उच्च जोखिममा छन् । २६ वडा मध्यम र १६ वडा न्यून जोखिममा रहेका छन् ।

## संक्षिप्त समाचार

### वर्षाका कारण ३० जनाको मृत्यु

**(रासस/एएफपी)**

**किन्सासा, चैत २५/**कंगो लोकतान्त्रिक गणतन्त्रको राजधानी किन्सासामा आएको मुसलधारे वर्षाले करिब ३० जनाको ज्यान लिनुका साथै मध्य अफ्रिकी महानगरमा विनाश मच्चाएको एक अधिकारीले बताएका छन् ।

"धेरै घाइतेहरू छन्, उनीहलाई बाहिर निकालिएको छ र अहिलेसम्म शनिबारको मुसलधारे वर्षाबाट मृत्यु हुनेहरूको सङ्ख्या ३० को हाराहारीमा छ", किन्सासाका प्रान्तीय सार्वजनिक स्वास्थ्यमन्त्री प्याट्रिसियन गोङ्गो अबाकाजीले भने । चिकित्सकका अनुसार पीडितहरू या त डुबेका थिए वा आृनो घरको भित्ताहरू भत्किँदा मारिएका थिए । शुक्रबार राति शनिबारसम्म परेको वर्षापछि, पानीको सतह बढ्दा करिब एक करोड ७० लाख जनसङ्ख्या भएको महानगरको धेरै बाहिरी र गरिब उपनगरहरूलाई ध्वस्त बनाएको छ । त्यस्तै बढ्दो वर्षाका कारण राष्ट्रिय सडकमध्ये एकमा यातायात बन्द भयो । यो सडक किन्सासाको मुख्य सडक मार्ग हो । यो सडक मार्ग हुँदै केन्द्रबाट विमानस्थलसम्म तथा साथै धेरै छिमेकी जिल्लामा पुग्न सकिन्छ । बाढीले प्राय: किन्सासालाई प्रभावित गर्दछ । किन्सासा नाइल पछि अफ्रिकाको दोस्रो सबैभन्दा ठूलो कङ्गो नदीको किनारमा अवस्थित छ ।

## रवि लामिछाने कारागार चलान



**रुपन्देही, चैत २५/**राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया प्रालिका पूर्वप्रबन्ध निर्देशक रवि लामिछानेलाई पूर्पक्षका लागि कारागार पठाइएको छ । लामिछानेलाई प्रहरीले रुपन्देही जिल्ला अदालतमा पेस गरेर जिल्ला कारागार लगेको हो ।

जिल्ला अदालतमा पेस गरेर थुनुवा पूर्जी दिएपछि लामिछानेको जिल्ला कारागारमा स्वास्थ परीक्षण गरिँदै छ । स्वास्थ परीक्षण सकिएपछि उनलाई कारगार भित्र राखिने छ । सहकारी ठगी र संगिठत अपराध मुद्दामा जिल्ला अदालत रुपन्देहीले एक करोड रुपैयाँ धरौटीमा छाड्ने आदेशलाई उच्च अदालत तुलसीपुर बुटवल इजलासले उल्टाउँदै थुनामा पठाउने आदेश गरेपछि उनलाई पक्राउ गरेर पूर्पक्षका लागि थुनामा पठाइएको हो ।

जिल्ला अदालतको आदेश चित्त नबुझेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय र लामिछाने दुवैले उच्च अदालतमा पुनरावेदनका लागि निवेदन दिएका थिए । शुक्रबार काठमाडौंमा पक्राउ परेका लामिछानेलाई शनिबार बिहान त्रिभुवन विमानस्थलबाट भैरहवा ल्याएपछि उनलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो । शनिबार र आइतबार बिदा परेकाले उनलाई सोमबार अदालतमा उपस्थित गराइएको थियो । बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासले शुक्रबार थुनामा राख्न आदेश दिएपछि प्रहरीले लामिछानेलाई पक्राउ गरेको थियो ।

## घोषणामै सीमित 'गुट्खाजन्य पदार्थको बिक्रीमा रोक'

**तिलोत्तमा (रुपन्देही), चैत २५/**विसं २०७९ चैत १ गतेदेखि रुपन्देहीको तिलोत्तमा नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगायो । नगरपालिकाले एक समारोहबीच गुट्खाजन्य पदार्थ निषेध क्षेत्र भनेर घोषणा नै गरिसकेको छ । नगरपालिकाले गुट्खाजन्य पदार्थ बिक्रीवितरण नियन्त्रण गर्नेसम्बन्धी कार्यविधि, २०७९ भनि कार्यविधि पनि बनायो । सो कार्यविधिमा गुट्खाजन्य पदार्थको प्रयोगले मानव स्वास्थ्य र सहरी सौन्दर्यमा समेत गम्भीर असर पर्ने देखिएको उल्लेख गरिएको छ । गुट्खाजन्य पदार्थको बिक्रीवितरण कार्यको अनुगमनका लागि सो कार्यविधिको दफा ६ को उपदफा १ मा नगरस्तरीय अनुगमन समितिमा नगर उपप्रमुख संयोजक रहने गरी आर्थिक विकास समिति संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक, राजस्व शाखा संयोजक, नेपाल प्रहरीका स्थानीय प्रमुख, उद्योग



वाणिज्य सैका प्रतिनिधि, चेम्बर अफ कमर्सका प्रतिनिधि, उद्योग व्यापार सङ्गठनका प्रतिनिधि र नगर प्रहरी इन्चार्ज सदस्य रहेको अनुगमन समिति रहने भनि उल्लेख छ ।

यसैगरी, दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समिति वडाध्यक्ष संयोजक रहने गरी वडाध्यक्षले तोकेको वडा सदस्यमध्येबाट एक वडा सदस्य, टोल विकास सञ्जालका अध्यक्ष, वडा बाल सञ्जाल प्रतिनिधि, क्लब, सैसंस्था, आमा समूहमध्येबाट तीन, स्वास्थ्य संस्थाबाट दुईजना, नेपाल प्रहरीका स्थानीय प्रमुख प्रतिनिधि र वडा सचिव रहने भनी उल्लेख गरिएको छ । सो कार्यविधिको दफा ४ को उपदफा १ मा जरिवानासमेत तोकिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## शिक्षक आन्दोलनप्रति गम्भीर बन

**देशभरका शिक्षकहरु चैत २० गतेदेखि काठमाडौंका सडकमा निरन्तर आन्दोलित छन् । नेपाल शिक्षक महासंघको नेतृत्वमा शिक्षकहरु सडकमा उत्रिएका छन् । अध्यादेशमार्फत विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने माग गर्दै उनीहरु आन्दोलनमा छन् । महासंघले अध्यादेशबाट ऐन नल्याएसम्म सडक आन्दोलन नरोकिने जिकिर गरेको छ । कक्षाकोठा छाडेर सडकसम्म आइपुगेका शिक्षकको माग तत्कालै सम्बोधन हुन नसकेको र शिक्षक प्रतिनिधिले सरकारसँग वार्तामा बस्न पनि अस्वीकार गरेका कारण आन्दोलन कतिन्जेल लम्बिने हो भन्ने निश्चित छैन । अब केही दिनमै भर्ना अभियान शुरु हुँदै छ । भर्ना अभियानको योजना बनाउन छाडेर शिक्षकहरु आन्दोलनमा होमिनु दुर्भाग्य हो । शिक्षकले एसईईको उत्तरपुस्तिका परीक्षण नगर्ने निर्णय गरेका छन् । यसको कारण अगामी असार ७ गते परीक्षाफल प्रकाशित हुने हो कि होइन भन्ने अनिश्चित छ ।**

**यस अघि भएका सहमति सम्बोधन हुने गरी यथाशीघ्र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग शिक्षकको छ । राहत, साबिक उच्च माध्यमिक, शिक्षण सिकाइ अनुदान, प्राविधिलगायत सबै अस्थायी शिक्षकको दरबन्दी कायम गरी आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्नुपर्ने र स्थायी हुन नसके 'गोल्डेन ह्यान्डसेक' दिइनुपर्ने माग छ । त्यस्तै, हरेक १० वर्षमा शिक्षक बढुवाको व्यवस्था गर्नुपर्ने, निजी विद्यालयका शिक्षकको तलब सामुदायिक विद्यालयका शिक्षकको सरह हुनुपर्ने, शिक्षण पेसा प्रवेश उमेर ४० वर्ष कायम गर्नुपर्ने, शिक्षकका लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्नुपर्ने माग पनि छ । शिक्षकलाई अध्ययनमा आर्थिक सहयोगको व्यवस्था, मासिक तलब तथा शिक्षक अस्पताल स्थापनाको विषय पनि शिक्षकले उठाउँदै आएका छन् । शिक्षण पेसामा जुन हदसम्मको त्याग र समर्पण हुन्छ, सोहीअनुसार पेसागत हकहित, आर्थिक सुरक्षा, वृत्ति विकासका अवसर छैनन् । त्यसैले शिक्षकले ऐनमै आफ्ना पेसागत हकहितका विषयलाई सुनिश्चित गर्न खोज्नु स्वाभाविक छ । यसो भन्दै गर्दा विद्यार्थीहरुको भविष्य भने अन्धकार बनाइनु हुँदैन । विद्यार्थी नपुगेर बन्द हुने अवस्थामा पुगेका सरकारी विद्यालयका शिक्षक राजधानी आएपछि आगामी शैक्षिक सत्रको पठनपाठन डमाडोल हुने अवस्थामा पुगेको छ । यो राम्रो हैन । तसर्थ सरकारले संवादका माध्यमबाट शिक्षकहरुका जायज मागहरु सम्बोधन गरी विद्यालय फर्कने वातावरण तत्काल निर्माण गर्ने तर्फ गम्भीर बन्न जरुरी छ ।**

## Opinion @ Social Network

शिक्षा त्यो खजाना हो,
जसलाई खर्च गर्दा झन् बढ्छ।
*(देव सारुको फेसबुक स्टाटस https://www.facebook.com/saru.dev82323)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा सडक दुर्घटनाको अवस्था र समाधान



रामबहादुर केसी

***विपद्जन्य घटनामा परी ३३,७३३ जना घाइते भएकोमा सडक दुर्घटनामा मात्र ३२,१५६ जना (गम्भीर घाइते ६,१६० जना र साधारण घाइते २५,९९६ जना) घाइते भएका छन् । कूल सडक दुर्घटना संख्या २२,९२७ रहेकोमा सडक दुर्घटनामा परेका सवारीसाधनको संख्या ३५,४०४ रहेको छ । सडक दुर्घटनामा परेका सवारीसाधनमध्ये करिब ५६ प्रतिशत मोटरसाइकलमात्र रहेका छन् । उक्त आर्थिक वर्षमा सडक दुर्घटनाको कारण करिब ४७ करोड ३७ लाख रुपैयाँ क्षति भएको थियो ।***

नेपालमा सडक दुर्घटना गम्भीर समस्या बनेको छ । हरेक वर्ष हजारौं मानिस सडक दुर्घटनामा परी घाइते वा मृत्यु हुने गरेका छन् । सरकारी निकायका वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०८०/०८१ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद्जन्य घटनामा परी २९२८ जनाको मृत्यु भएकोमा २३६९ जना अर्थात् विपद्जन्य घटनामा परी मृत्यु भएकामध्ये करिब ८१ प्रतिशतको मृत्यु सडक दुर्घटनाको कारण भएको तथ्यांक छ । सडक दुर्घटनामा परी मृत्यु हुनेमध्ये करिब ७६ प्रतिशत पुरुष छन् ।

विपद्जन्य घटनामा परी ३३,७३३ जना घाइते भएकोमा सडक दुर्घटनामा मात्र ३२,१५६ जना (गम्भीर घाइते ६,१६० जना र साधारण घाइते २५,९९६ जना) घाइते भएका छन् । कूल सडक दुर्घटना संख्या २२,९२७ रहेकोमा सडक दुर्घटनामा परेका सवारीसाधनको संख्या ३५,४०४ रहेको छ । सडक दुर्घटनामा परेका सवारीसाधनमध्ये करिब ५६ प्रतिशत मोटरसाइकलमात्र रहेका छन् । उक्त आर्थिक वर्षमा सडक दुर्घटनाको कारण करिब ४७ करोड ३७ लाख रुपैयाँ क्षति भएको थियो ।

सडक दुर्घटनामा परी आर्थिक वर्ष २०७९/०८० मा २३२० जना, २०७८/०७९ मा २८८३ जना, २०७७/०७८ मा २६५८ जना र २०७६/०७७ मा २५०० जनाको मृत्यु भएको थियो । पछिल्लो पाँच वर्षको सडक दुर्घटनाको विश्लेषण गर्दा वर्षेनी औषतमा २५४६ जना अर्थात् दैनिक करिब सातजनाको सडक दुर्घटनामा परी मृत्यु हुने गरेको छ । नेपालमा सन् २०१८ देखि २०२४ सम्म ६ वर्षको अवधिमा सडक दुर्घटनामा परी १५१६९ जनाले ज्यान गुमाएका छन् । यो तथ्यांकले नेपालमा सडक सुरक्षाको अवस्था भयानक र एउटा महामारी रहेको देखाउँदछ । सडक दुर्घटनामा परी मृत्यु भएकाको उमेर समूह विश्लेषण गर्दा सक्रिय उमेर समूहका वयस्क पुरुष धेरै रहेका छन् ।

प्रतिनिधि सभाले गठन गरेको सवारी दुर्घटना न्यूनीकरण अध्ययन उपसमितिको प्रतिवेदन, २०७७ मा उल्लेख भए अनुसार विश्वमा सवारी दुर्घटनामा परी वार्षिक १३ लाखभन्दा बढीले ज्यान गुमाउने गरेका छन् भने दुईदेखि पाँच करोड मानिसहरू घाइते हुने गरेका छन् । सडक दुर्घटना हुनुमा कुनै एक कारणमात्र जिम्मेवार देखिँदैन । सवारी दुर्घटना दिन प्रतिदिन वृद्धि हुँदै गए पनि यसलाई न्यूनीकरण गर्ने प्रयास निकै कमजोर देखिएको छ । हामीसँग भएका सडक सुरक्षासम्बन्धी नीति, नियम र कार्ययोजना कार्यान्वयन हुनसकेका छैनन् र सवारी सुरक्षासम्बन्धी दीर्घकालीन रणनीतिको खाँचो रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को सडक दुर्घटनाको कारण विश्लेषण गर्दा प्रमुख कारण सवारी चालकलाई नै मानिएको छ । सवारी चालकको कारण करिब ८८ प्रतिशत सडक दुर्घटना भएका छन् । यसभित्र चालकको बानी व्यवहार जस्तै : ट्राफिक नियम उलंघन, सडक अनुशासनको अवहेलना, जथाभावी ढोका खोलेको, ओभरटेक, तीव्र गति, चालक निदाएको, मादक पदार्थ सेवन गरेको, मोबाइल फोन प्रयोग गरेको लगायत कारण पर्दछन् । सवारी दुर्घटनाको अर्को कारण यात्रु रहेका छन् । यसमा यात्रु चढ्दा, ओर्लंदा, झुण्डिएर यात्रा गर्दा, छतमा यात्रा गर्दा, शरीर बाहिर निकाल्दा, बाटो काट्दा हुने दुर्घटना पर्दछन् । सडकको अवस्था जस्तै : खाल्टाखुल्टी, निर्माण सामग्री, चिप्लो (मोबिल वा अन्य), घुम्ती, मोड, उकालो, ओरालो, साँघुरो खतरा बाटो, ढल, जीर्ण सडक इत्यादिको कारणले पनि सडक दुर्घटना हुनेगरेका छन् । हुस्सु, कुहिरो, आँधिबेरी, वर्षा, बाढीपहिरोजस्ता मौसमी अवस्थाले सडक दुर्घटना हुने अवस्था छ । चौपायाको कारणले सडक दुर्घटना भएको तथ्यांक छ ।

नेपाल प्रहरीलगायत विभिन्न निकायबाट प्रकाशित तथ्यांक विश्लेषण गर्दा सडक दुर्घटनाका प्रमुख कारकमा सडक, सवारीसाधन र चालकको अवस्था नै पर्दछन् । सडक दुर्घटना विश्वका धेरै देशको ठूलो समस्याको विषय बनेको छ । विकसित देशभन्दा कम विकसित देशमा सडक दुर्घटना बढी हुनेगरेको तथ्यांक छ । सडक सुरक्षा अहिले ठूलो चुनौती बनेको छ । दुर्घटनापछि समिति गठन हुने, छानविन प्रतिवेदन बन्ने तर कार्यान्वयन नहुने अवस्था छ । नेपालमा भित्रिने सवारीसाधन र सडक पूर्वाधार विकास तथा व्यवस्थापनबीचमा तालमेल नै छैन ।

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज, समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन, निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, अपांगता भएका व्यक्ति अनुकूल बनाउने नीतिगत व्यवस्था गरेको छ । नेपालमा सडक सुरक्षाका साथसाथै सवारी दुर्घटना न्यूनीकरणको विषयलाई सम्बोधन गर्न सवारी तथा यातायात व्यवस्थापन ऐन-२०४९, राष्ट्रिय यातायात नीति-२०५८, नेपाल सडक मापदण्ड-२०७०, सार्वजनिक यातायात आचारसंहिता-२०६८, दुर्घटनाको पहिचान तथा उपचार-२०५४ बस बडीविल्डिङ मापदण्ड-२०७४ लगायत नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनु आवश्यक छ ।

नेपालमा यातायात व्यवस्था र सवारी सुरक्षाका लागि यातायात व्यवस्था विभाग, सडक विभाग, यातायात व्यवसायी तथा चालक, स्थानीय तह, नेपाल प्रहरी र यात्रु मुख्य जिम्मेवार पक्ष हुन् । यी सबै पक्षले आ-आफ्नो जिम्मेवारी समन्वयात्मक तरिकाले कार्यान्वयन गर्नुपर्दछ । सडक सुरक्षाका पाँच खम्बामा सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटनापछिको सेवा पर्दछन् । यी खम्बाहरू सबल र सुदृढ हुनेगरी काम गर्न आवश्यक छ । सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक व्यवस्थापनमा सुधार गर्नु आवश्यक छ । ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्ने, सिसीटिभी क्यामेरा, स्पिड गन तथा अन्य प्रविधिको प्रयोग गर्ने र ट्राफिक प्रहरीको संख्या वृद्धि एवं दक्षता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ । त्यसैगरी सडक पूर्वाधार सुधारमा ध्यान दिनु उत्तिकै महत्वपूर्ण छ । साँघुरा तथा जोखिमयुक्त सडक सुधार तथा विस्तार गर्ने, सडक संकेत (साइनबोर्ड), स्ट्रिट लाइट, स्पिड बम्प आदिको प्रभावकारी व्यवस्था गर्ने, अत्यधिक दुर्घटनाग्रस्त क्षेत्रको पहिचान र सुधार गर्नुपर्दछ ।

सचेतना अभिवृद्धि र सवारी चेकजाँचलाई प्रभावकारी बनाउनु जरुरी छ । चालकहरूलाई कडाइकासाथ सवारी अनुमतिपत्र परीक्षा लिने, नियमित रूपमा सवारीसाधनको प्राविधिक चेकजाँच गर्ने र दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेतर्फ जोड दिनु आवश्यक छ । दुर्घटना न्यूनीकरणका लागि प्रविधिको उपयोग गर्नु आवश्यक छ । जिपिएस प्रणाली र डिजिटल ट्राफिक व्यवस्थापन लागू गर्ने, सार्वजनिक यातायातमा स्मार्ट कार्ड प्रणाली लागू गर्ने एवं अत्याधुनिक सवारीसाधन र अटोमेटेड ब्रेकिङ सिस्टमको प्रवर्द्धन गर्नेजस्ता उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ । विकसित तथा केही विकासशील मुलुकहरूले सडक दुर्घटना न्यूनीकरणका लागि अत्याधुनिक प्रविधि र नवीन अवधारणा अपनाउँदै आएका छन् । यी प्रविधिले दुर्घटनाको रोकथाम, दुर्घटनापछि तुरुन्तै सहायता तथा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याइरहेका छन् । यस आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा आधारित ट्राफिक निगरानी प्रणाली, स्मार्ट सिग्नल, लेन डिपार्चर वार्निङ, ब्लाइन्ड स्पट डिटेक्सन, ड्राइभर मोनिटरिङ सिस्टम, ऊर्जा उत्पादनका लागि सोलार प्यानलयुक्त सडक निर्माण, स्मार्ट रोड मार्किङ, ड्रङ्क ड्राइभिङ डिटेक्टर, इ-कल सिस्टम, ड्रोन र एआइ-आधारित आपत्कालीन सेवा, स्वचालित बस तथा कारलगायत पर्दछन् । यी नवीन प्रविधि नेपालमा पनि क्रमश: लागू गर्न सकिन्छ । सवारी दुर्घटना एक जटिल र प्राविधिक विषय भए पनि यसको न्यूनीकरण गर्न विभिन्न निकाय प्रयासरत छन् । सवारी दुर्घटना केवल प्राविधिक विषयमात्र नभई मानवअधिकार, उपभोक्ता अधिकार तथा सामाजिक, आर्थिक विषय पनि हो । सडक दुर्घटना शून्यमा ल्याउन नसकिए तापनि विभिन्न उपायमार्फत धेरै हदसम्म कम गर्न सकिन्छ । सवारी दुर्घटना कम गर्न चालकको योग्यतासँगै दायित्व तोक्ने कानुनको खाँचो छ । दुर्घटनाबाट हुने क्षति कम गर्नु राज्यको दायित्व हो ।

नेपालमा सडक दुर्घटना कम गर्न सरकार, ट्राफिक प्रहरी, चालक, यात्रु, सडक निर्माण निकाय तथा आमनागरिक सबैको समान उत्तरदायित्व रहन्छ । नियमको कडाइका साथ कार्यान्वयन, प्रविधिको प्रयोग, पूर्वाधार सुधार र सचेतनाले मात्रै नेपालमा सुरक्षित सडक यात्रा सम्भव हुनेछ । सडक दुर्घटनाले अक्सर आर्थिक क्रियाकलापमा संलग्न जनशक्तिलाई असर पार्ने भएकाले दिनानुदिन राज्यले उत्पादनशील नागरिक गुमाइरहेको वा उनीहरूलाई क्षमताविहीन बनाइरहेको छ ।

दुर्घटनोपछिको उद्धारका लागि जनशक्ति, उपकरण, अन्य साधनको अभावले दुर्घटनाबाट ज्यान जानेको संख्या बढ्दै गएको पाइन्छ । मुलुक संघीय संरचनामा गइसकेको अवस्थामा सवारी सुरक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय सरकारको साझा विषय हो । नागरिकको सुरक्षित यात्रा गर्न पाउने अधिकार सुनिश्चित गर्न कानुनी सुधार, सडक प्रयोगकर्तालाई सडक शिष्टाचार बारे सचेतना अभिवृद्धि गर्न जरुरी छ । ***(केसी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा कार्यरत उपसचिव तथा प्रवक्ता हुनुहुन्छ ।)***

***-इहिमालय टाइमस डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसरको राम्रो संकेत देखिन्छ। अनावश्यक रिसले हानि पुर्याउन सक्छ । | **तुला** : साथीबाट सहयोग प्राप्त हुनेछ। सामाजिक मान-प्रतिष्ठा बढ्नेछ । |
| **वृष** : परिवारसँग समय बिताउन सकिने दिन हो। आर्थिकपक्ष सन्तोषजनक रहनेछ। | **वृश्चिक** : आत्मविश्वासमा वृद्धि हुनेछ। नयाँ अवसरहरू प्राप्त हुनेछन् । |
| **मिथुन** : कर्म क्षेत्रमा प्रतिस्पर्धा बढ्नेछ। बुद्धिको प्रयोगले समस्या समाधान हुनेछ। | **धनु** : यात्राको सम्भावना छ । भुलवश नोक्सान हुन सक्छ । |
| **कर्कट** : स्वास्थ्यमा सामान्य कमजोरी महसुस हुन सक्छ। आरामको खाँचो छ। | **मकर** : काममा राम्रो प्रगति देखिनेछ। घरायसी वातावरण सुखद रहनेछ । |
| **सिंह** : व्यापारमा लाभ हुने योग छ । प्रेम सम्बन्धमा सुधार आउन सक्छ । | **कुम्भ** : पुराना समस्या समाधान हुनेछन्। नयाँ साथीहरू भेटिने सम्भावना । |
| **कन्या** : पढाइ लेखाइमा मन लाग्नेछ। नयाँ योजना बनाउने अनुकूल समय छ। | **मीन** : धेरै कुरा आफैंमा सीमित राख्दा फाइदा पुग्नेछ। कलामा रुचि बढ्नेछ। |

# विज्ञान/सूचना प्रविधि

## एआईले विश्वभर ४० प्रतिशत रोजगारीमा असर पर्ने

संयुक्त राष्ट्रसंघले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई)का कारण विश्वभरका लगभग आधा रोजगारी प्रभावित हुनसक्ने चेतावनी दिएको छ ।




एआईको विश्वव्यापी बजारले सन् २०३३ सम्ममा जर्मनीको अर्थतन्त्रको आकार ४८ खर्ब डलर पुग्ने अनुमान गरेको छ । एआईले अर्थतन्त्रहरू परिवर्तन गर्दै र विशाल अवसरहरू सिर्जना गर्दै गए तापनि यस प्रविधिले विद्यमान असमानतालाई गहिरो बनाउने जोखिम पनि रहेको राष्ट्रसंघीय व्यापार र विकास एजेन्सी (यूएनसीटीएडी)ले एक प्रतिवेदनमा चेतावनी दिएको छ ।

विशेष गरी प्रतिवेदनले एआईले उत्पादकत्व वृद्धि प्रदान गर्ने, तर विश्वभरका ४० प्रतिशत रोजगारीमा प्रभाव पार्न सक्ने चेतावनी दिइएको छ । पहिलेका प्रविधि लहरले मुख्यत: 'म्यानुअल' रोजगारीमा प्रभाव पारेको भए तापनि यूएनसीटीएडीले ज्ञान-गहन क्षेत्रहरू एआईबाट सबैभन्दा बढी प्रभावित हुने उजागर गरेको छ ।

यसको मतलब उन्नत अर्थतन्त्रहरू निश्चय नै सबैभन्दा बढी प्रभावित हुनेछन् । तर यी अर्थतन्त्रहरूले विकासशील अर्थतन्त्रहरूको तुलनामा फाइदा लिन सक्ने बताइएको छ । "एआई-सञ्चालित स्वचालनका फाइदाहरूले प्राय: श्रमभन्दा पुँजीलाई समर्थन गर्दछ, जसले असमानतालाई फराकिलो बनाउन र विकासोन्मुख अर्थव्यवस्थामा कम लागतको श्रमको प्रतिस्पर्धात्मक फाइदालाई कम गर्न सक्छ," यूएनसीटीएडीले भन्यो ।

एजेन्सी प्रमुख रेबेका ग्रिन्स्पानले एक विज्ञप्तिमा एआई विकासको केन्द्रमा मानिसहरू छन् भन्ने सुनिश्चित गर्ने महत्त्वमा जोड दिँदै 'प्रविधिबाट मानिसहरूमा ध्यान केन्द्रित गर्न, देशहरूलाई विश्वव्यापी एआई ढाँचा सह-सिर्जना गर्न सक्षम बनाउन' बलियो अन्तर्राष्ट्रिय सहयोगको आह्वान गरे । "प्रविधिगत प्रगतिले आर्थिक वृद्धि गर्दा पनि, यसले आफैँमा समान आय वितरण वा समावेशी मानव विकासलाई प्रवर्द्धन गर्दैन भन्ने इतिहासले देखाएको छ," उनले प्रतिवेदनमा चेतावनी दिए । *-रासस*

## दुई कम्पनीलाई उड्ने ट्याक्सी सञ्चालन अनुमति



चीनले व्यावसायिक उड्ने ट्याक्सी उद्योग विकास गर्नेतर्फ कदम बढाएको छ । दुई कम्पनीले उड्ने ट्याक्सी अर्थात् स्वचालित यात्री ड्रोन सञ्चालन गर्न नियामक निकायबाट अपरेटर प्रमाणपत्र प्राप्त गरेको चिनियाँ समाचार संस्था सिन्ह्वालाई उद्धृत गर्दै साउथ चाइना मर्निङ पोस्टले जनाएको छ ।

अमेरिकी सेयर मार्केट नास्डाकमा सूचीकृत दुई कम्पनी इह्याङ होल्डिङ्स र हेफेई हे एयरलाइन्सले स्वचालित यात्री ड्रोन सञ्चालन गर्ने उद्देश्यले शनिबार (मार्च २९) चीनको नागरिक उड्डयन प्रशासनबाट अनुमतिपत्र प्राप्त गरेका हुन् ।

अब यी दुई कम्पनीले मानवरहित हवाईयान प्रयोग गरी सहरी साइट सिइङ (सहरी पर्यटन टुर)जस्ता व्यावसायिक यात्री सेवा सञ्चालन गर्न पाउनेछन् ।

स्वचालित यात्री ड्रोन सञ्चालननिम्ति एयर अपरेटर प्रमाणपत्र ती कम्पनीले नियामक निकायबाट पाउनुपर्ने अन्तिम अनुमति थियो । ती कम्पनीले यसअघि टाइप, उत्पादन र एयरवर्थिनेस प्रमाणपत्र पाइसकेका थिए । यो विकासले लो अल्टिट्युड पर्यटन व्यवसायको नयाँ सुरुआत हुने बताइएको छ । इह्याङको सहरी साइट सिइङको व्यवसायले उद्योगको विकासलाई थप गति दिन सक्ने सेल्टिक सेक्युरिटिजको रिपोर्टलाई उद्धृत गर्दै साउथ चाइना मर्निङ पोस्टले उल्लेख गरेको छ ।

चीनले हालैका महिनामा लो अल्टिट्युड इकोनोमी विकास गर्न धेरै कदम चालिसकेको बताइएको छ । यसमा डेलिभरी ड्रोनदेखि उड्ने कारसम्मका प्रविधि छन् । चीनका नेताले यसलाई एक महत्त्वपूर्ण उद्योग र आर्थिक वृद्धिको कडीका रूपमा चिनाएका छन् ।

*-बाह्रखरी डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


## सोसल मिडियामा घिब्ली फोटोको ट्रेण्ड

ओपन एआईको च्याट जीपीटीले वास्तविक फोटोलाई कार्टुनको पात्रजस्तै अवतारमा परिवर्तन गर्ने (घिब्ली अवतार) फिचर गत हप्ता सुरु गरेसँगै यसले सोसल मिडियामा एक प्रकारको आँधी सिर्जना गरेको छ ।

विश्वभरका नेतादेखि सेलिब्रिटी र आम साधारण प्रयोगकर्तासम्म, सबैले आफ्ना वास्तविक फोटोलाई च्याट जीपीटीमार्फत् एआई सिर्जित घिब्ली अवतारमा परिणत गरी रमाइलो मान्दै सोसल मिडियामा शेयर गरिरहेका छन् । च्याट जीपीटीको पछिल्लो संस्करणमा प्रयोगकर्ताले आफ्नै फोटो वा इन्टरनेटमा भाइरल कुनै पनि मिम्सलाई गज्जबको घिब्ली शैलीको कलात्मक चित्रमा परिणत गरिदिन्छ ।



उता एलन मस्कको च्याटबट ग्रोकमा पनि यस्तै इमेज जेनेरेसन फिचर उपलब्ध छ । मस्कको एक्स एआईले यो फिचरलाई ग्रोक थ्रीमा आबद्ध गरेको छ जसबाट प्रयोगकर्ताले नि:शुल्क रुपमा घिब्ली शैलीको फोटो सिर्जना गर्न सक्दछन् । अहिले भाइरल बनिरहेको यो ट्रेण्डमा आम मानिसहरु मग्न भइरहँदा उता डिजिटल प्राइभेसीका पैरवीकर्ताहरुले भने प्रयोगकर्ताहरुलाई चेतावनीको घण्टी बजाइरहेका छन् । विज्ञहरुको चिन्ता के छ भने च्याट जीपीटीले आफ्नो एआईको प्रशिक्षणका लागि यो ट्रेण्डमार्फत् लाखौं प्रयोगकर्ताका व्यक्तिगत फोटाहरु संकलन गरिरहेको हुनसक्छ । प्रयोगकर्ताले च्याट जीपीटीमा आफ्ना निजी फोटाहरु अपलोड गरी कार्टुनको पात्रजस्तै नयाँ तस्वीर प्राप्त गरेर मज्जा लिइरहेको बेला अन्जानमा ओपन आईलाई आफ्नो अनुहारको ताजा डेटाहरु हस्तान्तरण गरिरहेको र यसले गोपनीयता सम्बन्धी गम्भीर चिन्ता खडा गरेको तर्क कतिपय विज्ञहरुको छ ।

**के हो घिब्ली ?**

सन् १९८५ मा हायाओ मियाकाजी, इसाओ ताकाहाता र तोसियो सुजुकीले स्थापना गरेको विश्वप्रसिद्ध जापानी एनिमेसन स्टुडियोको नाम हो स्टुडियो घिब्ली । यो स्टुडियोले स्प्रिटेड अवे, प्रिन्सेस मोनोनोक, होवल्स मुभिङ क्यासल जस्ता कैयन् सुन्दर तथा प्रसिद्ध एनिमेटेड फिल्महरु उत्पादन गरिसकेको छ । यसलाई पूर्वको डिज्नी भनेर पनि चिनिन्छ । यद्यपि यसको आफ्नै पहिचान र कथानक दर्शन छ ।

'घिब्ली' एक इटालियन भाषाको शब्द हो । यसको अर्थ 'तातो मरुभूमिको हावा' भन्ने हुन्छ । एनिमेसन उद्योगमा नयाँ हावा बहाउने स्टुडियोको उद्देश्यका साथ यसको नाम 'घिब्ली' राखिएको बताइन्छ । घिब्लीका एनिमेसन हातले कोरिएका तथा गहन रुपमा कलात्मक हुन्छन्, जो अहिलेको तीव्र गतिवान तथा डिजिटल ढाँचा भन्दा फरक छन् । जीवन्त तथा वातावरणमै डुबेको अनुभूति गराउने विस्तृत पृष्ठभूमि, पात्रहरुको सलल बगेको तथा वास्तविक र अर्थपूर्ण भावभंगी र शैली, पृष्ठभूमिसँग तादात्म्य राख्नेगरी प्राकृतिक तत्वहरुको मिलान जस्ता विशिष्टता घिब्लीका एनिमेटेड सिर्जनाहरुमा पाइन्छ ।

घिब्लीका सस्थापक हायाओ मियाजाकीको पछिल्लो फिल्म द ब्वाय एण्ड हेरोनले सन् २०२४ मा सर्वोत्कृष्ट एनिमेटेड फिचर फिल्ममा ओस्कार अवार्ड जितेको थियो ।

**एआई एनिमेसन र मियाजाकी**

घिब्लीका सर्जक मियाजाकी हातले कोरिएका एनिमेसनका खरो पक्षपाती हुन् । यस्ता सिर्जनामा कलाकारको आत्मा प्रतिविम्बित हुन्छ भन्ने उनको तर्क छ । डिजिटल एनिमेसन तथा आधुनिक कम्प्युटर सिर्जित विधिको को सख्त विपक्षमा रहँदै आएका छन् । कम्प्युटर ग्राफिक्समा कुनै जीवन्तता नहुने उनको धारणा छ । कथावाचनमा पारम्परिक कलात्मकता र मानवस्पर्शको उनले सदैव पैरवी गर्दै आएका छन् । अझ एआई तथा प्रविधि सञ्चालित सिर्जनात्मकताको त उनी कठोर आलोचक हुन् । सन् २०१६मा आफ्नै बारे निर्माण गरिएको डकुमेन्ट्री नेभर इन्डिङ म्यान: हायाओ मियाजाकीको प्रदर्शनका क्रममा एआई निर्मित एनिमेसन देखाइएपछि उनको टिप्पणी थियो- जसले यो सामग्री सिर्जना गर्यो, उसलाई पीडा भन्ने कुरा थाहै छैन । म पूर्णरुपमा निरास भएँ । मैले मेरो कर्ममा यो प्रविधिलाई कहिल्यैपनि आबद्ध गर्ने छैन । मलाई लाग्छ कि यसो गर्नु भनेको जीवनलाई नै अपमान गर्नु हो ।

**पछिल्लो ट्रेण्डले सिर्जना गरेका विवाद**

घिब्ली शैलीका एनिमेटेड फोटोको पछिल्लो भाइरल ट्रेण्डले विभिन्न कपिराइटयुक्त सिर्जनाहरुलाई एआई टूलले दुरुपयोग गर्ने गम्भीर सवाल खडा भएको छ र यसले भविष्यमा मानव कलाकारको जीविकामै अवरोध सिर्जना गर्नसक्छ । ८४ वर्षीय मियाजाकीले एनिमेसनमा एआईको भूमिकाप्रति आशंका व्यक्त गरेका छन् ।

उता डिजिटल गोपनीयताका पैरवीकर्ताहरुले चाहिँ ओपन एआईको डेटा संकलन रणनीति केवल एआई कपिराइटको विषय मात्र नभएको बताउँछन् । यसबाट एआई कम्पनीहरुलाई प्रयोगकर्ताले स्वेच्छाले पेश गरेका फोटाहरु संकलन गर्न अनुमति दिने भएकाले वेबमा आधारित डेटाहरुका विषयमा लागू हुने कानूनी बन्देजहरुलाई समेत यसले बाइपास गर्ने उनीहरुको तर्क छ ।

**विज्ञ भन्छन्- हामीले आफ्ना निजी फोटो च्याट जीपीटीलाई सुम्पिइरहेका छौं**

एआई, टेक एण्ड प्राइभेसी एकेडेमीकी सहसस्थापक ब्राजिलियन शोधकर्ता लुजिया जारोभ्स्कीले एक्स प्लाटफर्ममा लेखेको एउटा टिप्पणी यस्तो छ-

धेरै मानिसहरूले बुझ्न सकेका छैनन् कि 'घिब्ली प्रभाव' केवल एक एआई प्रतिलिपि अधिकार विवाद मात्र होइन, बरु यो ओपन एआईको एक चतुर प्रचारप्रसार रणनीति हो, जसको उद्देश्य हजारौं नयाँ व्यक्तिगत फोटाहरूमा पहुँच प्राप्त गर्नु हो ।

**यो यसरी गरिएको छ-**

घिब्ली (सेसमी स्ट्रिट) शैलीमा आफ्नो अवतार बनाउने लहर चलिरहेकाले, अहिले हजारौँ मानिसहरूले आफैँले आफ्नो अनुहार र व्यक्तिगत तस्बिरहरू च्याट जीपीटीमा स्वेच्छाले अपलोड गरिरहेका छन् । जसका कारण ओपन एआईले आफ्ना एआई मोडेलहरूको प्रशिक्षणका लागि सहज, नि:शुल्क र ठूलो संख्यामा नयाँ अनुहारहरू पाउँदै आएको छ ।

कतिपयले तर्क गर्न सक्छन् कि यो कुराले खासै अर्थ राख्दैन, किनभने ओपन एआईले यी तस्बिरहरू इन्टरनेटबाटै स्क्र्याप गरेर पनि प्रयोग गर्न सक्थ्यो। तर यो कुरा दुई कारणले सत्य होइन-

**१. गोपनीयताको 'बाइपास'**

युरोपेली युनियन जस्ता क्षेत्रमा जब ओपन एआईले इन्टरनेटबाट व्यक्तिगत तस्बिरहरू संकलन गर्छ, उसले आम डेटा सुरक्षण नियम (जिडिपिआर) अनुसार 'वैध स्वार्थ' लाई कानुनी आधारको रूपमा प्रयोग गर्छ ।

यस सन्दर्भमा, ओपन एआईले त्यसबाट व्यक्तिहरूलाई हानि पुऱ्याउन नहुने, वा उनीहरूको हितविपरीत जान नहुने बाध्यता हुन्छ। त्यसैले उसले अतिरिक्त सुरक्षा उपायहरू अपनाउनु पर्छ- कहिलेकाहीं त ती तस्बिरहरू मोडेल प्रशिक्षणमा प्रयोग नगर्ने निर्णय समेत गर्नुपर्छ ।

अन्य देशहरूको गोपनीयता कानुनले पनि स्क्र्याप गरिएका तस्बिरहरू, विशेष गरी बालबालिकाका तस्बिरहरूको हकमा अतिरिक्त सुरक्षा व्यवस्था माग गर्छ । तर जब मानिसहरूले आफैले यी तस्बिरहरू स्वेच्छाले अपलोड गर्छन्, तब ओपन एआईले तिनीहरूलाई 'अनुमति' (consent) को आधारमा प्रयोग गर्न सक्छ, जिडिपिआरको धारा ६.१ अनुसार । यस अवस्थामा वैध स्वार्थको सन्तुलन परीक्षण (balancing test) आवश्यक पर्दैन, र ओपन एआईले स्वतन्त्र रूपमा ती डाटाहरू प्रयोग गर्न सक्छ ।

ओपन एआईको गोपनीयता नीतिमा स्पष्ट लेखिएको छ कि यदि प्रयोगकर्ताहरूले अनुमति प्रदान नगर्ने निर्णय नगरेमा (अप्टआउट नगरेसम्म) उनीहरूले दिएको व्यक्तिगत डाटा एआई मोडेल प्रशिक्षणका लागि प्रयोग गरिनेछ ।

**२. नयाँ, ताजा तस्बिरहरू**


यो प्रवृत्ति 'चतुर गोपनीयता चाल' (privacy trick) भएको दोस्रो कारण के हो भने, मानिसहरूले अहिले नयाँ तस्बिरहरू अपलोड गरिरहेका छन्- पारिवारिक फोटोहरू, व्यक्तिगत र कहिलेकाहीं गोप्य तस्बिरहरू समेत, जुन पहिले कहिल्यै सामाजिक सञ्जालमा देखिएको थिएन ।

ओपन एआईले यी सबै ताजा तस्बिरहरू नि:शुल्क रूपमा पाउँदै आएको छ । यिनीहरूको मूल प्रति केवल ओपन एआई सँगमात्रै हुनेछ । अन्य एआई कम्पनीहरूले र सामाजिक सञ्जालहरूबाट त केवल ती वास्तविक र सक्कली तस्वीहरुको 'घिब्ली संस्करण' मात्र हेर्न सकिन्छ ।

तथापि यो ट्रेण्ड झनै फस्टाइरहेको छ । आफ्नो रमाइलो अवतार प्रयोग गर्नका लागि च्याट जीपीटीमा आफ्नो फोटो अपलोड गरेमात्रै पुग्छ र अन्य थर्डपार्टी एपहरुको प्रयोग गर्नुपर्दैन भन्ने थाहा पाएपछि मानिसहरु यो भाइरल ट्रेण्डमा जोडतोडका साथ भाग लिइरहेका छन् । *-अनलाइन खबर डटकम*

# शिक्षक आन्दोलनप्रति काँग्रेस पाल्पाको ऐक्यबद्धता

## विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न माग




**पाल्पा, चैत २५/** नेपाली काँग्रेस पाल्पाले शिक्षककहरूको काठमाडौं केन्द्रित आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ । काँग्रेसले सोमबार विज्ञप्ति जारी गर्दै शिक्षा जस्तो संवेदनशील विषयलाई राजनीतिक झमेलामा पारेर भविष्यका पिँढीमाथि अन्याय गर्नु कदापि स्वीकार्य नहुने भन्दै शिक्षककहरुको आन्दोलनप्रति ऐक्यबद्धता जनाएको हो ।

उसले सरकार र शिक्षक महासङ्घबीच विगतमा भएका सहमतिका आधारमा विद्यालय शिक्षा ऐन तत्काल जारी गरी शिक्षककहरूको माग पूरा गर्न सरकारसँग माग समेत गरेको छ । हाल प्रतिनिधिसभामा छलफलको प्रक्रियामा रहेको “विद्यालय शिक्षा विधेयक” लाई यथाशीघ्र पारित गरिनु आवश्यक रहेको पाल्पा काँग्रेसको ठहर छ । शिक्षाको उज्वल भविष्य सुनिश्चित गर्न यस विधेयकको समयमै पारित हुन अनिवार्य रहेको जिल्ला सभापति हिमालदत्त श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

‘शिक्षाका मेरुदण्ड शिक्षककहरू आफ्ना जायज मागहरू राख्दै शैक्षिक हाड्ताल सहित सडकमा संघर्षरत छन् । शिक्षाको गुणस्तरीय विकास शिक्षकको सम्मान बिना सम्भव छैन भन्ने तथ्यलाई आत्मसात गर्दै हामी शिक्षक आन्दोलनप्रति ऐक्यवद्धता प्रकट गर्दछौं’ विज्ञप्तिमा भनिएको छ । शिक्षककहरूको आवाजलाई प्राथमिकता नदिने र दबाउने प्रयासको काँग्रेसले भर्त्सना गरेको छ ।

शिक्षकका मागहरूप्रति सरकार गम्भीर रहन र संवादको वातावरण मार्फत समाधानको बाटो अवलम्बन गर्न काँग्रेसले सरकारसँग माग गरेको छ ।

# घोषणामै सीमित ‘गुट्खाजन्य...

...पहिलो पटक गुट्खाजन्य पदार्थको बिक्रीवितरण गरेको भेटिएमा थोक बिक्रेताका लागि १० हजार र अन्य व्यवसायीका लागि एक हजार ५ सय जरिवाना तोकिएको छ । त्यस्तै दोस्रो पटक थोक बिक्रेताका लागि २० हजार र अन्य व्यवसायीका लागि दुई हजार रकम जरिवाना तोकिएको छ भने तेस्रो पटक पनि भेटिएमा थोक बिक्रेताका लागि ५० हजार र अन्य व्यवसायीका लागि पाँच हजार रकम जरिवाना तोकिएको सो कार्यविधिमा उल्लेख छ ।

पछिल्लो समय नगर पालिकामा गुट्खाजन्य पदार्थको बिक्रीवितरण खुल्ला रुपमा हुँदै आएको स्थानीय बताउँछन् । सो बिक्रीवितरण गर्नेलाई जरिवाना पनि कार्यविधिमा मात्र सीमित भएको उनीहरूको गुनासो छ । जरिवानाभन्दा पनि सचेत गराउने कार्यले व्यवसायीमा अटेरिपन रहेको छ । शरीरलाई दीर्घकालीन रुपमा असर गर्ने यस्ता चीज विशेषगरी किराना पसलमा लुकाएर राखेको अवस्थामा प्रशस्तै भेटिन्छन् ।

तिलोत्तमा-१ शिवचोक टोल विकास संस्थाका अध्यक्ष तुलसी न्यौपानेले अन्य पालिकामा सजिलै पाइने भएकाले गुट्खा खाने, जथाभावी फाल्ने र जथाभावी थुक्ने क्रममा कमी आउन नसकेको बताए । टोल विकास अध्यक्ष न्यौपानेले सफा र स्वच्छ तिलोत्तमा गुट्खाको प्रयोग तथा जथाभावी थुक्दा त्यसको औचित्यमाथि प्रश्न उठेको र यसले सबैलाई लज्जित बनाएको बताए ।

कार्यविधिको दफा ७ को उपदफा १ मा टोलस्तरीय अनुगमन समितिमा वडाध्यक्ष संयोजक रहनेगरी व्यवस्था गरेको छ । वडा नं १ का वार्ड सञ्जाल अध्यक्ष डिल्लीराम कँडेलले भव्य कार्यक्रमबीच घोषणा गरे पनि अनुगमनमा एक पटक पनि सहभागी नगराएको गुनासो गरे । नगरले घोषणा गरे पनि बिक्रीवितरण र सेवनमा कमी नआएको वडा नं १ का वडाध्यक्ष फर्सुराम गिरीको भनाइ छ । घोषणाताका अनुगमन अलि भए पनि पछिल्ला दिनमा भने अनुगमन एकदमै पातलो रुपमा भएको वडाध्यक्ष गिरी स्वीकार्नछन् । गिरीले पछिल्लो समय वडा नं १ को ड्राइभर टोल बजार क्षेत्र र हाटबजार क्षेत्रमा अनुगमन गर्दा सो पदार्थ नगण्य रुपमा बिक्रीवितरण गरेको भेटिएको बताए । यसैगरी, वडा नं १७ का वडाध्यक्ष दानबहादुर चौधरीले विभिन्न क्षेत्रका व्यक्तिको व्यस्ततालाई बुझ्दै अनुगमन पातलो गरिएको बताए ।

उनी भन्छन्, “अनुगमन गर्ने टोलीमा बाल सञ्जालका विद्यार्थी पनि राख्नुपर्ने हुनाले भनेजस्तो छिटो अनुगमन गर्न सकिएको छैन् ।” सो क्रममा व्यवसायीलाई कारबाही नगरी सचेत मात्र गराएर छाडिएको अध्यक्ष चौधरी बताउन्छ् । विसं २०८० वैशाख २ गतेदेखि हालसम्म गुट्खाजन्य पदार्थको बिक्रीवितरण नियन्त्रणमा हालसम्म नगरका १३ भन्दा बढी पसललाई सचेत गराई जफत गरिएको नगर प्रहरीका इन्चार्ज नरप्रसाद श्रेष्ठले बताए ।

उनले हालसम्म ४१ पसललाई जरिवानासहित जफत गरिएको बताए । हालसम्म गुट्खाजन्य पदार्थ जरिवानाबाट ८६ हजार ५०० राजस्व सङ्कलन भएको र त्यसैगरी, गुट्खाजन्य पदार्थ २०१ पोका तथा एक हजार ३ सय ५६ जफत गरिएको प्रहरी इन्चार्ज श्रेष्ठले जानकारी दिए । पछिल्लो समय नगरपालिकामा नगर प्रहरी थपिएसँगै गुट्खाजन्य पदार्थ बिक्रीवितरणमा नियन्त्रण गर्न निरन्तर खटिने र अझ प्रभावकारी रुपमा अनुगमन गरिने नगर प्रहरी इन्चार्ज श्रेष्ठको भनाइ छ । नगरपालिकाले गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाए पनि नगरभित्र बेचबिखनमा कमी आउन नसकेको नगरप्रमुख रामकृष्ण खाँण स्वीकार्नछन् । नगर प्रमुख खाँण भन्छ, “यसलाई पूर्ण रूपमा रोक्नका लागि टोल विकास समितिकै व्यक्तिलाई र विद्यार्थीलाई रसिद काट्न लगाउँछौं, यसो गर्दा यो अवस्थामा धेरै सुधार आउने छ ।” पछिल्लो समय नगरपालिकामा १५ जना नगर प्रहरी थप गरिएसँगै २१ जना नगर प्रहरी भएको र अब भने अनुगमनमा कडाइ गर्ने नगरपालिकाले जनाएको छ ।

*-रासस*

# दुई शीत कृति लोकार्पण



**पाल्पा, चैत २५**/दुई शीत कृति लोकार्पण गरिएको छ । शीत काव्य समाज नेपालको आयोजनामा ‘प्रकृति’ र ‘ईश’ कृति काठमाडौंमा लोकार्पण गरिएको हो ।

साहित्यकार सत्यनारायण ढकालद्वारा लिखित ‘प्रकृति’ र साहित्यकार भोजभक्त कँडेलद्वारा लिखित‘ ईश’ कृतिको प्रमुख अतिथि शिक्षाविद्, लेखक, मानार्थ शीत ईश्वर लव जोशीले एक औपचारिक कार्यक्रमकाबिच लोकार्पण गरेका हुन् । कृति लोकार्पण गर्दै उनले जन्मभूमि पाल्पाबाट परिकल्पना गरिएको शीतको व्यापकता बढ्दो रहेको बताए । जोशीले नेपाली साहित्य क्षेत्रमा शीतले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । शीत काव्यको भविष्य सुन्दर रहेकाले सोही अनुसार लाग्न साहित्यकारहरुलाई उनले आग्रह गरे । दुवै कृतिमाथि परिकल्पनाकार पुष्कर अथक रेग्मीले समीक्षा गरेका थिए । हालसम्म शीतका पन्ध्रटा कृति प्रकाशित भइसकेका छन् भने शीत कल्प कृति प्रकाशित गरि दशजना शीत ईश्वरको पदवीद्वारा विभुषित भइसकेका छन् ।

प्रकृति शीत कृति प्रकाशित गरेसँगै लेखक ढकाल नवौं शीत ईश्वर बनेका छन् भने ईश शीत कृति प्रकाशित गरी कँडेल दशौं शीत ईश्वरको रूपमा प्रतिष्ठापित भए । सुख शान्ति मिडियाको संयोजनमा भएको कार्यक्रममा शीत वाचन र गायिकाहरू दीपा दियाली र रेणु दुलालद्वारा शीतगायन हुनुका साथै कृतिका लेखकहरू, नोवेल साकोसका संस्थापक राजन न्यौपाने, घुम्ती मुक्तकका अध्यक्ष निर्मल रमण पराजुली, आगोका परिकल्पनाकार दीर्घबहादुर चन्द, सुसेली प्रवर्तक दुर्गा अधिकारी भमरकोटे,उतार प्रवर्तक टंक बहादुर बजगाइँ, आधुनिक साहित्य परिषदका अध्यक्ष मुरली प्रसाद ढकाल लगायतले कृति सफलताको शुभकामना व्यक्त गरेका थिए ।

शीत काव्य समाज नेपालका अध्यक्ष प्रथम शीत ईश्वर कृष्ण केसीले निकट भविष्यमै शीत ईश्वरहरू सहितको र्‍याली सहित शीतयात्रा आयोजना गर्ने योजना बनाइएको बताए । समाजका केसीको अध्यक्षता, महासचिव दामोदर ढकालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :२०८१/१२/२२**

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा सञ्चालन हुने “तानसेन आर्थिक विकास परियोजना” संचालनका लागि तपसिलमा उल्लेखित पदका कर्मचारीहरुको आवश्यकता भएकोले रित पुगेका नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१. आवश्कता सम्वन्धी विवरण :**

**क) पद : परियोजना संयोजक, पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्य अनुभव :**

- कृषि/भेटेरिनरी विषयमा स्नातकतह उतिर्ण गरी कम्तीमा ५ वर्ष सामुदायिक विकास तथा बाख्रा, दुध, र तरकारीको मुल्य श्रंखलामा काम गरेको अनुभव भएको ।

**ख) पद : प्राविधिक संयोजक, पद संख्या १ एक**

**न्युनतम योग्यता र कार्यानुभव :**

- पशुपालन तथा पशु स्वास्थ्य विषयमा प्रमाणपत्र तह जे.टि. (JT) उत्तिर्ण गरी सम्बन्धीत विषयमा कम्तीमा ३ वर्षको अनुभव वा पशु बिज्ञान विषयमा टि.एस.एल.सी/भेटेरिनरी.जे.टि.ए. (TSLC/VJTA) उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ५ वर्षको कार्यानुभव भएको ।

**ग) पद : लेखापाल (Accountant), पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा २ वर्षको कार्यानुभव भएको वा वाणिज्य शास्त्रमा प्रमाण पत्र तह उत्तिर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव भएको

**घ) पद : सामुदायिक सहजकर्ता, पद संख्या : ३ (तीन) जना**

**न्युनतम योग्यता :**

- १०+२ वा सो सरह उत्तिर्ण गरी सामुदायिक विकास तथा बाख्रा, दुध, र तरकारीको मुल्य श्रंखलामा कम्तीमा ३ वर्षको कार्यानुभव भएको ।

**ङ) पद : कृषि प्राबिधिक (Agri- technician), पद संख्या : १ जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- कृषि विषयमा डिप्लोमा (ISc. Ag.) उत्तिर्ण गरी कम्तीमा २ वर्ष अनुभव वा कृषि JTA उत्तिर्ण गरी कम्तीमा ५ वर्ष सामुदायिक विकास र कृषि उपज मुल्य श्रृंखलामा काम गरेको अनुभव भएको ।

उल्लेखित कागजात सहितको इच्छुक आवेदकहरूले आफ्नो आवेदन पत्र बुझाउँदा अपेक्षित तलब सहितको आवेदन पत्र समावेश गर्नुपर्नेछ । आवेदन तोकिएको समयभित्र इमेल मार्फत पनि पठाउन सकिनेछ ।

***नोट : प्रारम्भीक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । थप जानकारी JobsNepal.com link मा हेर्नु होला***

**ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पा**
**तानसेन नगरपालिका ४, विशालबजार**
**ईमेल: redapalpa@gmail.com फोन नं.: ०७५-५२१६१०**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई